कात्तिक,२०७४

# माध्यमिक तह टिपिडी तालिम पाठ्यक्रम

## स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण


नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

**विषय सूची**


| क्र. स. | विषय वस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको लक्ष्य तथा उद्देश्य | १ |
| ३ | तालिमको सक्षमता | २ |
| ४ | तालिम संरचना | २ |
| ४ | तालिमको विषय वस्तु | ३ |
| ५ | तालिम कार्यान्वयन कार्यविधि | ८ |
| ६ | तालिम मूल्याङ्कन | ९ |
| ७ | **परियोजना कार्य** | १० |

## १. परिचय

पाठ्यक्रम विकास केन्द्रबाट माध्यमिक तह (कक्षा ९ र १०) को स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण विषयको एकीकृत पाठ्यक्रम निर्माण भ ई कार्यान्वयन भइरहेको छ । य स तालिमको विषय वस्तु उक्त परिमार्जित पाठ्यक्रममा आधारित भई विकास गरिएको छ । यो विषय सैद्धान्तिक , व्यावहारिक र जीवन उपयोगीसमेत भएको हुँदा शिक्षकले नयाँ ज्ञान,सिप, प्रविधिसमेतको प्रयोग गरी कुशल शिक्षण गर्नु आजको अपरिहार्य आवश्यकता हो। त्यसकारण यो तालिमले स्वास्थ्य , जनसङ्ख्या तथा वातावरण शिक्षण गर्ने शिक्षकहरूमा समसामयिक र व्यावहारिक ज्ञान तथा सिप प्रदान गरी कुशल , चुस्त र दुरुस्त बनाउन सहयोग गर्ने छ। यसका साथै पाठ्यक्रमको मर्मअनुसार शिक्षकलाई आफ्नो परिवेशअनुसार पठपाठन गराउन र स्थानीय स्तरमा पाइने स्रोत साधनहरूको प्रयोगमा समेत सहयोगी हुने छ ।

तालिम पाठ्यक्रम विकास गर्दा शिक्षकको पेसागत विकासको प्रारुप , २०७२ र शिक्षक सक्षमताको प्रारुप, २०७२ लाई आधारभूत मार्गदर्शनका रुपमा अनुसरण गरिएको छ । विगतको तालिम अभ्यासबाट संश्लेषित शिक्षकका पेसागत माग (needs) तथा परिमार्जित विद्यालय पाठ्यक्रमका कठिन एवम् महत्त्वपूर्ण विषय वस्तुलाई यस पाठ्यक्रमको मुख्य विषयका रुपमा छनोट गरिएको छ।

यस तालिम पाठ्यक्रममा तालिमको उद्देश्य , तालिमको सक्षमता , तालिमको विषय वस्तुतालिम सञ्चालन कार्यविधि, सहभागीहरूले विद्यालयमा गरिने प्रयोगात्मक अभ्यास , परीयोजना कार्य, कार्यमूलक अनुसन्धान र तालिम प्रमाणीकरण प्र क्रियाको बारेमा चर्चा गरिएको छ ।

## २. तालिमको लक्ष्य तथा उद्देश्य

परिवर्तित सन्दर्भमा शिक्षक को पेसागत विकासलाई प्रविधिमैत्री , सहज र समयानुकूल बनाउँदै सबैशिक्षकलाई निरन्तर सक्रिय सिकाइको अवसर प्रदान गर्नु यस तालिमको प्रमुख लक्ष्य हो । यस तालिम कार्यक्रममा विषय वस्तुमा आधारित प्रशिक्षण र विद्यालयमा आधारित स्वअभ्यासमार्फत् प्रशिक्षार्थीमा देहायअनुसारका उद्देश्य प्राप्ति हुने अपेक्षा गरिएको छ :

क) पाठ्यक्रम र पाठ्य पुस्तकमा उल्लेख भएका अस्पष्ट विषय वस्तु प्रभावकारी रूपमा शिक्षण गर्न

ख) स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षाका शिक्षण विधिहरू सिक्न , रणनीति छनोट गर्न, अद्यावधिक तथ्याङ्कहरूको खोजी गरी शिक्षण गर्न

ग) शिक्षण विधिलाई समय सान्दर्भिक बनाउँदै प्रयोगात्मक र व्या वहारिक बनाउन, स्थानीय स्रोत साधनको प्रयोगमा अभिवृद्धि गर्न

घ) शिक्षकलाई आमने सामने पद्धतिबाट निरन्तर क्षमता विकास गर्ने अवसरको सिर्जना गर्न

ङ) स्वास्थ्य, जनस ङ्ख्या तथा वातावरण विषयसँग सम्बन्धित विषय वस्तुमा आधारित भई पाठ योजना निर्माण गरी अभ्यास गर्न

च) सम्बन्धित विषयमा परियोजना कार्य तथा कार्यमूलक अनुसन्धान गरी प्रतिवेदन तयार गर्न

**३. तालिमका सक्षमता**

यस तालिमको अन्त्यमा सहभागीहरूमा निम्नानुसारका सक्षमताहरू हासिल हुने छन् :

क) स्वास्थ्य जनस ङ्ख्या र वातावरणका विविध पक्षहरूको अन्तरसम्बन्धको विश्लेषण

ख) जनसाङ्ख्यिक तथ्याङ्कका स्रोतको पहिचान गरी जनस ङ्ख्या व्यवस्थापनका उपायहरूको खोज

ग) दिगो विकासको योजना, रणनीति, महत्त्व तथा सूचकहरूको व्याख्या

घ) वातावरण संरक्षणको व्यावहारिक कार्यहरूको पहिचान र प्रदर्शन

ङ) गुणस्तरीय जीवनको विविध पक्षको सूचकको लेखाजोखा ।

च) जैविक विविधताको संरक्षण र यसमा परेको असरको न्यूनीकरणका उपायहरूको खोज

छ) स्थानीय प्राकृत्तिक स्रोतहरूको पहिचान , दुर्लभ वन्यजन्तु संरक्षणका उपायहरूको सचेतना कार्यकलाप तर्जुमा

ज) यौन प्रसारित रोगको रोकथामका उपायहरू र सर्ने /नसर्ने रोगहरूबाट बच्ने उपायहरूको सूची तयारी

झ) वातावरण प्रदूषण मापन र फोहोरमैला व्यवस्थापनको विधिहरूको प्रदर्शन

ञ) प्राथमिक स्वास्थ्य , प्रजनन स्वास्थ्य , प्रजनन अधिकार , उपभोक्ता अधिकारको प्रयोग

**४ तालिम संरचना**

क. यो तालिम १५ दिन अवधिको हुने छ । यसको पहिलो खण्ड १० दिनको तालिम कार्यशाला (Training-workshop) ढाँचामा फेसटुफेस मोडबाट जिल्ला सदरमुकाममा अवस्थित शैक्षिक तालिम केन्द्रमा सञ्चालन हुने छ । यसको

दोस्रो खण्ड पाँच दिन अवधिको स्वाध्याय अभ्यास (Self-study exercise) ढाँचामा आधारित हुने छ।

ख. दोस्रो खण्डको पाँच दिने स्वाध्याय अभ्यास ढाँचाअन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई चार ओटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने छ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शैक्षिक तालिम केन्द्रमा अनिवार्य रुपमा पेस गर्नुपर्ने छ । यसमा मूलत : १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सिपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्तनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य (Project work) तोकिने छ ।

## ५ तालिम पाठ्यक्रम

तालिमका निर्धारित उद्देश्य, सक्षमता तथा संरचनासँग अनुकूलित विषय समेटी पाठ्यक्रमिक ढाँचामा विषय वस्तु र खुद तालिम घण्टा संयोजन गरिएको छ :

| क्र.स. | विषय वस्तु | विषय वस्तुको विस्तृतीकरण | सत्र भार |
|---|---|---|---|
| क. | स्वास्थ्य, जनसङ्ख्या र वातावरणको अवधारणा | | १ |
| १ | स्वास्थ्य, जनसङ्ख्या र वातावरणका विविध पक्षहरू | • स्वास्थ्य, जनसङ्ख्या र र वातावरणका विविध पक्षहरूको महत्त्व र अन्तरसम्बन्धका बारेमा जानकारी | |
| ख. | जनसाङ्खिकी, जनसङ्ख्या र परिवर्तन र व्यवस्थापन | | २ |
| १ | जनसाङ्खिकीको परिचय | • तथ्याङ्कका स्रोतहरू<br>• जनसङ्ख्याका कारक तत्त्वहरू<br>• प्रक्रिया र मापन तथा जनसङ्ख्या र व्यवस्थापन(प्राकृतिक, अप्राकृतिक विधि) | |
| ग. | जनसङ्ख्या, वातावरण र विकास | | १ |
| १ | दिगो विकासका अवधारणा तथा पृथ्वीको वहन क्षमता | • पूर्वाधार र विश्वका सफल नमुना<br>• दिगो विकासका सूचकहरू<br>• पृथ्वीको वहन क्षमताको अवधारणा र वहन क्षमता बनाइराख्ने उपायबारे जानकारी | |

| | | | |
|---|---|---|---|
| घ. | नेपालको जनसाङ्खिकी स्थिति र वातावरण | | ३ |
| १ | जनसङ्ख्याको आकार, वितरण र वातावरण संरक्षण | • जनसङ्ख्याको क्षेत्रीय वितरण र भौगोलिक क्षेत्रअनुसार नेपालको जनसङ्ख्याको स्थिति<br>• सहरीकरण, मानवीय क्रियाकलाप<br>• पारिस्थितिक प्रणाली र वातावरण (अवधारणा, हिमाली, पहाडी र तराई प्रदेशको पारिस्थितिक प्रणालीमा परेको असर न्यूनीकरणका उपायहरू)<br>• वातावरण संरक्षण तथा व्यवस्थापन | |
| ङ. | पारिवरिक जीवन शिक्षा तथा गुणस्तरीय जीवन | | ३ |
| १ | पारिवारिक जीवन, उत्तरदायित्व, विवाह, वृद्धावस्था | • परिवारका सदस्यहरूको भूमिका तथा उत्तरदायित्वहरू<br>• अभिभावकको भूमिका तथा जिम्मेवारी<br>• किशोरकिशोरीको भूमिका तथा जिम्मेवारी<br>• अभिभावक र बालबालिकाबीच सञ्चार<br>• लैङ्गिक समानताको लागि परिवारको भूमिका<br>• स्वास्थ्य र रोग सम्बन्धमा परिवारको भूमिका र जिम्मेवारी<br>• विवाह र वृद्धावस्था तथा सामाजिक सुरक्षा<br>• गुणस्तरीय जीवनका आधारहरू (मानव विकास सूचकाङ्क), सुखी जीवनको सूचकाङ्क | |
| च. | प्राकृतिक स्रोत तथा जैविक विविधता | | ४ |
| १ | प्राकृतिक स्रोत | • प्राकृतिक स्रोतको परिचय<br>• प्राकृतिक स्रोतको व्यवस्थापन | |

| | | | |
|---|---|---|---|
| २ | जैविक विविधता | जैविक विविधताका प्रकार (अनुवांशिक, प्रजाति, पारिस्थितिकीय प्रणाली) | |
| ३ | वन्यजन्तु संरक्षण | • अवैध वन्यजन्तु चोरी सिकारी परिचय<br>• वन्य जन्तु संरक्षणका उपायहरू<br>• वातावरण संरक्षणमा संलग्न स्थानीय तथा अन्तरराष्ट्रिय संस्थाहरू | |
| ४ | संरक्षित क्षेत्र | • नेपालमा संरक्षित क्षेत्रको अवधारणा र नयाँ विकास क्रम | |
| छ. | वातावरणीय स्वास्थ्य र रोगहरू | | ५ |
| १ | प्रदूषण | • प्रदूषणको परिचय<br>• प्रदूषणका प्रकार (वायु प्रदूषण, जल प्रदूषण, ध्वनि प्रदूषण, जमिन प्रदूषण, दृश्य प्रदूषण, प्रकाश प्रदूषण)<br>• प्रदूषणका स्रोतहरू र असर<br>• प्रदूषण मापन गर्ने विधिहरू | |
| २ | फोहरमैला | • ठोस फोहरमैलाको परिचय र प्रकार<br>• ठोस फोहरमैला व्यवस्थापनको अवधारणा<br>• ठोस फोहरमैला व्यवस्थापनका विभिन्न चरणहरू | |
| ३ | सर्ने रोग | • सर्ने रोगको परिचय<br>• चक्र<br>• हेपटाइटिसका सबै प्रकारहरू<br>• डेँगु<br>• भाइरल इन्फ्लुएन्जाका प्रकारहरू | |
| ४ | नसर्ने रोगहरू | • क्यान्सर<br>• मुटु तथा रक्तनलीसम्बन्धी रोगहरू (हृदयघात, मस्तिष्कघात, वाथज्वरो र बाथ मुटुको रोग, मधुमेह) | |

| | | | |
|---|---|---|---|
| ज | | किशोरावस्था यौन तथा प्रजनन स्वास्थ्य शिक्षा | ५ |

| | | | |
|---|---|---|---|
| १ | यौनजन्य रोग र प्रजनन स्वास्थ्य | • यौनिकता, यसका मूल्यमान्यता<br>• यौनिकताको मूल्य, अभिवृत्तिसम्बन्धी सिकाइका स्रोतहरू<br>• लैङ्गिकता, सम्बन्ध, आत्मीयता, प्रेम, यौनिकता र प्रजननसम्बन्धी मूल्य<br>• किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाहरू<br>• किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाका विशेषताहरू<br>• प्रजनन अधिकार र मानव अधिकार<br>• संस्कृति, समाज र लैङ्गिकताको यौनिकतामा प्रभाव<br>• अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताहरू<br>• यौनिक अधिकारको सम्मान<br>• यौन हिंसा, दुर्व्यवहार र कानुनी प्रावधान<br>• यौन हिंसा र स्वास्थ्य<br>• विभिन्न प्रकारका हिंसाहरू<br>• यौन हिंसा र मानव अधिकार<br>• यौन हिंसा व्यवस्थापन गर्ने सिपहरू<br>• किशोरावस्थाको विकासात्मक पक्षहरू,परिवर्तन,चासो चिन्ता व्यवस्थापन<br>• किशोरावस्थाका केटाकेटीहरूमा देखिने शारीरिक, भावनात्मक तथा मानसिक र यौनिक परिवर्तनहरू<br>• किशोरावस्थामा हुने चासो, चिन्ता तथा समस्या र यसको व्यवस्थापन<br>• यौन तथा प्रजनन स्वास्थ्य, प्रजनन प्रणाली, परिवार नियोजन तथा गर्भनिरोध<br>• यौन तथा प्रजनन स्वास्थ्य<br>• प्रजनन अङ्गहरू र तिनका कार्यहरू<br>• परिवार नियोजन, गर्भनिरोध<br>• क्लामाइडिया, गोनोरिया, भिरिङ्गी र<br>• सनक्राइड (जनेन्द्रिय मुसा), एचआइभी एड्स७ | |

| | | | |
|---|---|---|---|
| २ | मातृशिशु स्वास्थ्य र सुरक्षित मातृत्व | • मातृशिशु स्वास्थ्य हेरचाह र यसका उपायहरू<br>• सुनौला हजार दिनको अवधारणा र महत्व<br>• सुरक्षित मातृत्व | |
| झ. | उपभोक्ता स्वास्थ्य तथा सामुदायिक स्वास्थ्य | | २ |
| १ | उपभोक्ता अधिकार तथा उपभोक्ता स्वास्थ्यको संरक्षण | • हाल प्रचलनमा रहेका उपभोक्ता अधिकारसम्बन्धी कानुनी प्रावधानहरू (ऐन, नियम, संविधानमा उल्लेख गरिएका कानुनी कुराहरू)<br>• उपभोक्ता हितमा नेपाल सरकारले चालेका प्रयासहरू | |
| २ | स्वास्थ्य सेवाका क्षेत्रका नीति तथा कार्यक्रमहरू | • स्वास्थ्य सेवा उपलब्ध गराउने निकायहरूर उक्त निकायले दिने स्वास्थ्य सेवाहरू<br>• स्वास्थ्य क्षेत्रका प्रमुख कार्यक्रमहरू<br>• स्वास्थ्यसम्बन्धी नीतिहरू | |
| ञ. | प्राथमिक स्वास्थ्य हेरचाह र जोखिमप्रति सावधानी तथा सुरक्षा शिक्षा | | २ |
| १ | प्राथमिक स्वास्थ्य हेरचाह | प्राथमिक स्वास्थ्य हेरचाहका प्रमुख तरिकाहरू<br>ABC नियम<br>कृत्रिम श्वासप्रश्वास क्रिया<br>कार्डियाक मसाज वा मुटु मालिस | |
| | विविध | तालिम अभिमुखीकरण, प्रिटेस्ट, पोस्ट टेस्ट र तालिम परीक्षा | २ |
| | **जम्मा** | | ३० |

नोट: प्रत्येक सत्र १ घन्टा ३० मिनेटको हुने छ ।

**६ तालिम कार्यान्वयन कार्यविधि**

क. यस तालिमको लक्षित समूहका सम्बन्धमा विगतमा दुई ओटा १० दिने टिपिडी मोड्युल पूरा गरेका अथवा शुद्धरुपमा तालिम अप्राप्त स्थायी शिक्षकलाई एक महिने तालिमको पूरक कोर्सका रुपमा यस तालिममा सहभागी हुन योग्य मानिने छ ।

ख. तालिमको अन्त्यमा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७४ /०५/०६ गतेको निर्णय बमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

ग. स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने दौरानमा सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा ईमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।

घ. तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छ:

- शैक्षिक तालिम केन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिने छ। विषयको प्रकृतिअनुसार यस विषय का क्षेत्रमा लामो अनुभव भएका व्यक्ति तथा सम्बन्धित निकायका पदाधिकारीलाई प्रशिक्षक बनाउन सकिने छ।
- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन , समूहकार्य तथा प्रस्तुति, स्थलगत भ्रमणलगायतका विधिको अवलम्बन गरिने छ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेजलगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिने छ ।

## ७ तालिम मूल्याङ्कन

क. तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न देहायअनुसारका मूल्याङ्कन अङ्गगत अङ्कभार अनुसरण गर्नुपर्ने छ :

मूल्याङ्कनका अङ्गगत अङ्कभार

| क्र. स. | मूल्याङ्कनका अङ्ग | अङ्क भार |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्याय अभ्यासअन्तर्गत ओटा परियोजना कार्य (२.५*४) | १० |
| | जम्मा | ५० |

- प्रत्येक अङ्गको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।

*ग्रेडिङ पद्धति*

- ९० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा विशिष्टतासहित प्रथम श्रेणी
- ८० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा प्रथम श्रेणी
- ६५ प्रतिशत र सोभन्दा माथि अङ्क आएमा द्वितीय श्रेणी
- ५० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा तृतीय श्रेणी
- ५० प्रतिशतभन्दा तलको अङ्क आएमा अनुत्तीर्ण वा असफल

ख लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको ग्रिड अवलम्बन गर्नुपर्ने छ :

ग्रिड तालिका

| क्र. स. | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | प्रतिप्रश्न अङ्कभार | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २ | सङ्क्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३ | समस्यामूलक | १ | ५ | ५ |
| | जम्मा | १६ | - | २५ |

## ८ परियोजना कार्य (Project work)

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्याय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्डबमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ ।

<u>परियोजना कार्य विशिष्टीकरण मापदण्ड</u>

स्वाध्याय अभ्यास खण्डका लागि जम्मा छ ओटा कार्य निर्धारण गरिएको छ । जसमा परियोजना-१ र परियोजना -२ अनिवार्य रहेका र बाँकीमध्ये दुई ओटा गरी जम्मा चार ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका **(Output)** रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग प्रतिवेदन दस्तावेज शैक्षिक तालिम केन्द्रसमक्ष अनिवार्य रुपमा पे स गर्नुपर्ने छ :

**परियोजना कार्य - १: पाठयोजनामा आधारित शिक्षण अभ्यास**

(क) फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने

(ख) प्रत्येक पाठ योजनाका आधारमा शैक्षिक सामग्री विकास गर्ने

(ग) प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने

(घ) पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने


(ङ) प्रत्येक पाठ शिक्षणपछि विद्यार्थीको पृष्ठपोषण सङ्कलन गर्ने

(ङ) परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने

नोटः यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषय वस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य - २: कार्यमूलक अनुसन्धान**

शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा Kurth Lewis द्वारा प्रतिपादित निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने




परियोजना कार्य - ३: जनसङ्ख्याको वृद्धिले मानव स्वास्थ्यमा परेको प्रभावको लेखाजोखा

(क) आफू बसेको स्थानीय तहको वि.स.२०५८ र २०६८ को जनगणनाको टिपोट गर्ने

(ख) उक्त क्षेत्रको सो अवधिको जनसङ्ख्या र घटबढको अवस्थाको पहिचान गर्ने

ग) जनसङ्ख्या र वृद्धिले स्थानीय वातावरण परेको नकारात्मक परिवर्तनहरू(सरोकारवालाहरूसँगको छलफलसमेतका आधारमा) को सूची निर्माण गर्ने

(घ) वातावरणीय परिवर्तनले मानव स्वास्थ्यमा परेको असरको पहिचान(सरोकारवालाहरूसँगको छलफल समेतका आधारमा) गर्ने

(ङ) स्वास्थ्य, जनसङ्ख्या र वातावरणको अन्तरसम्बन्धको बारेमा शिक्षण सिकाइमा प्रयोग गर्न सकिने क्रियाकलापहरूको सूची निर्माण गर्ने

**परियोजना कार्य - ४ : वातावरण स्वास्थ्यले मानव स्वास्थ्यमा पारेको प्रभावको अध्ययन**

(क) आफू कार्यरत रहेको स्थानीय तहमा रहेको स्थानीय तहका भएका स्वास्थ्य संस्थामा आएका बिरामीहरूको सात दिनको बिरामीहरूको सङ्ख्या टिपोट गर्ने

(ख) वातावरण परिवर्तनको कारणले बिरामी भएका व्यक्तिहरू र रोगहरूको सूची तयारी गर्ने

(ग) स्थानीय स्तरमा वातावरणीय समस्याका कारण स्वास्थ्यमा परेको असरको सूची निर्माण (सरोकारवालाहरूसँगको छलफल समेतको आधारमा) गर्ने

(घ) अध्ययनबाट प्राप्त निश्कर्षको कक्षा शिक्षणमा उपयोग गर्न सकिने कुनै पाँच क्रियाकलापहरूको प्रस्तुति गर्ने

**परियोजना कार्य-५: फोहोरको वर्गीकरण**

(क) नजिकको कुनै खोला, खोल्सा, बस्ती, बजार, ल्यान्डफिल्ड साइटमा गई उक्त स्थानमा भएका ढल निकास, फोहोरहरूको वर्गीकरणसम्बन्धी टिपोट गर्ने

(ख) प्रदूषणको वर्गीकरण गरी स्रोतहरूको वर्गीकरण गरी निम्न तालिकामा भर्ने

| क्र.स. | प्रदूषणका प्रकार | प्रदूषणका स्रोत | कैफियत |
|---|---|---|---|
| १ | ध्वनि | कुकुर भुकेको आवाज | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

(ग) प्रदूषण नियन्त्रणको उपाय पहिचान, प्रतिवेदन तयार र सोको प्रयोगबारे तयारी गर्ने

**परियोजना कार्य - ६: खाना पकाउन प्रयोग गरिने इन्धन र श्वासप्रश्वाससम्बन्धी रोगको अन्तरसम्बन्धको अध्ययन**

(क) तपाईँ बसेको समुदायमा दाउरा /गुईँठा/भुस प्रयोग गरेर खाना पकाउने गरेको पाँच घर र बायो ग्यास /एलपी ग्याँस प्रयोग गरी खाना पकाउने गरेको पाँच घर र विद्युत्को प्रयोग गरी खाना पकाउने गरेको पाँच घरको

सूची निमार्ण गर्ने

(ख) उनीहरूलाई श्वासप्रश्वाससम्बन्धी रोग लागे नलागेको छलफल गरी मुख्य मुख्य कुरा टिपोट गर्ने

(ग) श्वासप्रश्वाससम्बन्धी रोग कम गर्न स्थानीय स्तरमा गर्न सकिने प्रयासहरू र उपायहरूको सूची निर्माण (सरोकारवालाहरूसँगको छलफलसमेतका आधारमा) गर्ने

(घ) उल्लिखित कार्यहरू समेटेको प्रतिवेदन तयारी गर्ने

**परियोजना कार्य - ७: पारिस्थितिक पद्धतिमा जनसङ्ख्याले पारेको असरको अध्ययन**

(क) आफू बसेको वासस्थान नजिकैको कुनै एक पारिस्थितिक प्रणालीको अवलोकन गर्ने

(ख) जनसङ्ख्याको वृद्धिले पारिस्थितिक पद्धतिमा परेको नकारात्मक असर (चोरी सिकारी, वन विना श, अतिक्रमण, प्राकृतिक स्रोतको दोहन , प्रदूषण आदि) को टिपोट गर्ने

(ग) पारिस्थितिक पद्धतिमा परेको नकारात्मक असर न्यूनीकरणका उपाय सरोकारवालासहितको छलफलमा पहिचान टिपोट गर्ने

(घ) पारिस्थितिक पद्धतिमा परेको असर न्यूनीकरण गर्न उपयुक्त हुने तीन ओटा शिक्षण सिकाइ क्रियाकलाप टिपोट गर्ने

(ङ) उल्लिखित कार्यहरूको समष्टिगत प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य - ८: वातावरणको क्षेत्रमा कार्यरत संस्थाको स्थलगत अध्ययन**

(क) आफू बसेको समुदायमा वा समुदाय वरिपरि वातावरण संरक्षण र व्यवस्थापनसम्बन्धी काम गर्ने कुनै एक वा दुई सरकारी/गैर सरकारी/निजी सङ्घसंस्थाको भ्रमण गर्ने

(ख) संस्थाहरूले गरेका कार्यहरूको सूची टिपोट गर्ने

(ग) संस्थाहरूलाई सरकारी स्तरबाट भए गरेका सहयोगको विवरण तयारी गर्ने

(घ) वातावरण संरक्षण र व्यवस्थापनका लागि स्थानीय समुदाय वा विद्यालयले खेलेको भूमिकाको समीक्षा गर्ने

(ङ) विगत एक वर्षमा स्थानीय वातावरणमा आएका सकारात्मक परिवर्तनको विवरण तयार गर्ने

ΩΩΩ